**कोरोना भाइरससम्बन्धी गण्डकी प्रदेशको अवस्था**
**कास्की । ०७७ वैशाख ५ गते**
कोरोना भाइरस सङ्क्रमणको रोकथामका लागि सरकारबाट चैत ११ गतेदेखि घोषण गरिएको बन्दाबन्दीको २५ औ दिनको अवधिमा नागरिकका आधारभूत समस्याहरूका साथै स्वास्थ्य र दैनिक खानपानमा समेत गम्भीर समस्या उत्पन्न भएको छ । शान्तिका लागि नागरिक समाजको सञ्जाल कास्कीले राज्यका तर्फबाट गरिएका प्रयास लक्षित वर्गमा पुग्न नसकेको भन्दै गम्भीर ध्यानाकर्षण गराएको छ । सञ्जाल अध्यक्ष विष्णु बराल, गैरसरकारी संस्था महासङ्घ केन्द्रिय महासचिव राम प्रसाद सुवेदी, इन्सेक गण्डकी प्रदेश संयोजक शिव खकुरेल, मानवअधिकार संरक्षण मञ्च कास्की अध्यक्ष कमल अर्याल, गैसस महासङ्घ कास्की अध्यक्ष पदमराज पहारी, चिल्ड्रेन नेपालका अध्यक्ष रामचन्द्र बराल र मानवअधिकार समूह कास्की अध्यक्ष श्यामनाथ कुंवरद्वारा जारी विज्ञप्तिमा अत्यावश्यक स्वास्थ्य सेवालाई निरन्तरता, राहतको प्रभावकारी रूपमा उचित वितरण, विदेशी भूमिमा अलपत्र परेका नेपाली नागरिकलाई स्वदेश फर्काउन पहल र हिँड्रे घर जाँदै गरेका सडकमा अलपत्र नागरिकलाई घर फर्काउन उचित व्यवस्थापन वा खान बस्नको उचित प्रबन्ध गर्न माग गरिएको छ ।

**इन्सेक कास्की जिल्ला प्रतिनिधि सुशन घिमिरेका** अनुसार कास्कीमा हाल सम्म ४ सय ९२ जनाको र्‍यापीड डाइगनोष्टिक टेष्ट किटबाट परीक्षण गरिएको छ ।
पोखरा महानगरपालिकाले १९ हजार २ सय २० घरपरिवारलाई राहत वितरण गरिसकेको प्रवक्ता धनबहादुर नेपालीले जानकारी दिनुभयो । उहाँका अनुसार महानगरपालिकाको राहत कोषमा हालसम्म ३ करोड ८२ लाख १८ हजार ५ सय १ रुपियाँ जम्मा भइसकेको छ । वैशाख ४ गते मादी गाउँपालिकाको नागिधारबाट दाङसम्म पैदल यात्रा गरी घर जान हिँड्का ६ जना मजदुरहरू पोखरा महानगरपालिका-१७ बिरौटामा प्रहरीले रोकेपछि अलपत्र परेका छन् । गण्डकी प्रदेश सरकारले मजदुरहरूलाई आफू बसिरहेको ठाउँ नछोड्न निर्देशन गरेपनि उनीहरूको उचित व्यवस्थापन हुन सकिरहेको छैन । अलपत्र परेका मजदुरहरूको बारेमा थाहा पाएपछि इन्सेक गण्डकी प्रदेश संयोजक शिव खाकुरेलले सहायक सिडिओ गुरूदत्त ढकालसँग समन्वय गरी उनीहरूको उचित व्यवस्थापनको लागि पहल गर्नुभयो । गण्डकी प्रदेशका प्रवक्ता रामशरण बस्नेतले उनीहरूको व्यवस्थापनको तयारी भैरहेको जानकारी दिनुभएको छ । उहाँका अनुसार स्थानीय निकायसँग समन्वय गरी मजदुरहरूलाई कार्यक्षेत्रमै फर्काएर उचित व्यवस्थापन गरिनेछ ।
पोखरा महानगरपालिकाले अबदेखि महानगरका ३३ ओटै वडामा निःशुल्क खाना खुवाउने व्यवस्था गर्दैछ । महानगरपालिकाका मेयर मान बहादुर जिसीले राहत नपाएको र हुने खानेले राहत सामग्री लगेको भन्ने गुनासो आएपछि महानगरले खाना खुवाउने व्यवस्था गर्न लागेको बताउनुभयो । वडा अध्यक्षको नेतृत्वमा खाना पकाउने प्रत्येक केन्द्रमा आवश्यक खाद्य सामग्री महानगरपालिका आफैले व्यवस्था गर्नेछ । आवश्यकता अनुसार एउटा वडामा एक वा सो भन्दा धेरै ठाउँमा खाना खाने केन्द्र बनाइने मेयर जिसीले जानकारी दिनुभएको छ ।

**इन्सेक बागलुङ जिल्ला प्रतिनिधि सृजना पन्त**का अनुसार वैशाख ४ गते स्वाब परीक्षण नेगेटिभ आएकी ६५ वर्षीया महिलाको वैशाख ५ गते पुनः स्वाब परीक्षणको लागि पठाइएको छ । जिल्ला प्रहरी कार्यलय बागलुङले बाटोमा अलपत्र परेका चार जना मजदुरलाई क्वारेण्टाइनमा राखेको छ ।

**इन्सेक गोरखा जिल्ला प्रतिनिधि हरिराम उप्रेती**का अनुसार वैशाख ५ गते वारपाक सुलिकोट गाउँपालिकामा विदेशबाट फर्केका ४३ जनाको र्‍यापीड टेष्ट गरिएको छ । जिल्लाको सौरपानीमा २६

जनाको र ताकुकोटमा १७ जनाको आरडीटी किटबाट कोरोना परीक्षण गरिएको छ । उनीहरू सबैको अवस्था सामान्य देखिएको स्वास्थ्य कार्यालयका कोरोना फोकल पर्सन नारायण अर्यालले बताउनुभयो ।
भूकम्पपछिको पुनर्निर्माण र विकासका कामका लागि मजदुरी गर्न आएकाहरू पैदल हिँड्रे घर फिर्ता भएका छन् । बाँके, बर्दिया, कैलाली, बारा लगायतका जिल्लाबाट मजदुरी गर्न आएकाहरूको लकडाउन लम्बिएपछि फर्कने क्रम बढेको हो । वैशाख ४ र ५ गते झण्डै १ सय ५० मजदुर गोरखाका विभिन्न स्थानीयतहबाट गाउँ फर्केका छन् । रासन र मजदुरी गरेको पैसा सकिदै जान थालेपछि घर फर्कनुको विकल्प नभएको बर्दिया जान हिँड्का आभाष चौधरीले बताउनुभयो ।

**इन्सेक नवलपरासी (बर्दाघाट सुस्ता पूर्व) जिल्ला प्रतिनिधि तिर्थराज डुम्रे**का अनुसार जिल्लामा वैशाख ५ गते १३ जनाको र्‍यापीड डाइगनोष्टिक टेष्टबाट कोरोना परीक्षण भएको जिल्ला स्वास्थ्य कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व) का प्रमुख केशवप्रसाद चापागाईंले बताउनुभयो । उहाँले यसअघि जिल्लामा २ सय १५ जनाका आरडीटी किटबाट कोरोना परीक्षण भएको र सबैको रिपोर्ट नेगेटिभ आएको बताउनुभयो ।
देवचुली नगरपालिकाबाट कोरोना उपचार अस्पताल भरतपुर पठाइएका पाचँ जनाको स्वाब परीक्षणको रिपोर्ट नेगेटिभ आएको छ । योसँगै जिल्लामा ३४ जनाको स्वाब परीक्षण भएको र सबैको रिपोर्ट नेगेटिभ आएको चापागाईले जानकारी दिनुभयो ।

**इन्सेक तनहुँ जिल्ला प्रतिनिधि प्रकाशचन्द्र भट्टराई**का अनुसार तनहुँमा वैशाख ५ गते सम्म ५ सय २२ जनाको र्‍यापिड डाइगनोष्टिक टेष्टबाट कोरोना परीक्षण गरिएको छ ।
स्वास्थ्य कार्यालय तनहुँका प्रमुख शंकरबाबु अधिकारीका अनुसार अहिलेसम्म परीक्षण गरिएका मध्ये सबैको रिपोर्ट नेगेटिभ आएको छ । वैशाख ५ गते प्रमुख जिल्ला अधिकारी बद्रीनाथ अधिकारीले जिल्ला मा रहेका विभिन्न अस्पताल र स्वास्थ्य सेवा प्रदायक संस्थाहरूको अनुगमन गर्नुभएको छ । उहाँले कोरोना बाहेक अरू स्वास्थ्य सम्बन्धी सेवाहरूको प्रवाह र अवस्था बुझ्न अनुगमन गर्नुभएको हो ।

**इन्सेक म्याग्दी जिल्ला प्रतिनिधि अमृतप्रसाद पौडेल**का अनुसार वैशाख ५ गते पाचँ जनाको र्‍यापीड टेष्ट गरिएको छ । अहिले सम्म म्याग्दी जिल्लामा १ सय ३८ जनाको र्‍यापीड टेष्ट गरिएको छ भने सबैको रिपोर्ट नेगेटिभ आएको बेनी अस्पतालका ल्याब टेक्निसियन ध्रुव गिरीले बताउनुभयो ।
बेनी नगरपालिकाले एकद्वार प्रणाली मार्फत नगरपालिका भित्र राहत वितरणको गरेको छ । जिल्लाका पाचँ ओटै स्थानीयतहले जिल्लाका ४ हजार ४ सय ७९ परिवारलाई झण्डै एक लाख केजी चामल वितरण गरेको छ । अन्नपुर्ण गाउँपालिका बाहेक अन्य पाचँ स्थानीयतहले ९९ हजार ८ सय ९६ केजी चामल वितरण गरेको छ । एक नगरपालिका र पाचँ गाउँपालिका रहेको म्याग्दीमा अहिलेसम्म अन्नपुर्ण गाउँपालिकाले राहत वितरण गरेको छैन भने अन्य सबैले राहत वितरण जारी राखेका छन् ।

**इन्सेक लमजुङ जिल्ला प्रतिनिधि दलबहादुर मजाकोटी**का अनुसार वैशाख ५ गते जिल्लाका विभिन्न स्थानमा रहेका फिभर क्लिनिकबाट ४५ जनाले सेवा लिएका छन् । क्व्होलासोथारगा गाउँपालिकाको क्वारेण्टाइनमा तीन जनालाई राखिएको छ भने चार जना घर फर्किसकेका छन् । हालसम्म जिल्लामा १५० जनाको र्‍यापीड डाइगनोष्टिक टेष्ट किटबाट कोरोना परीक्षण गरिएको छ ।
**इन्सेक गण्डकी प्रदेश कार्यालय, पोखरा**